**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगाल सरकारले राज्यका युवाहरूलाई राम्रो रोजगारीका अवसरहरू प्रदान गर्ने उद्देश्यले ५१ सरकारी आईटीआईहरूलाई आधुनिकीकरण गर्ने नयाँ योजना बनाएको छ।

२. पश्चिम बंगालको पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले आज बिहान खरसाङको डाउहिलको धोबी झोडा फरेस्ट भिलेजमा चियामा चर्चा कार्यक्रममा भाग लिनु भयो| उहाँ हिजो साँझ खरसाङ आईपुग्नु भएको थियो।

३. राज्यका नयाँ पर्यटन मन्त्री शंकर घोषले पदभार ग्रहण गर्नु भएपछि उहाँले पश्चिम बंगालको पर्यटन क्षेत्रको लागि विश्वव्यापी मान्यता प्राप्त गर्नु उहाँको सर्वोच्च प्राथमिकता हुने बताउनु भयो।

४. हिजोदेखि 'VB-G RAM G' योजना पश्चिम बंगालभरि सुरु गरिएको छ|हिजो यो योजना मदारीहाट विधानसभा क्षेत्रको हन्तपारा ग्राम पञ्चायतबाट सुरु भएको छ।

५. दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा भइरहेको समर फेस्टिभल अन्तर्गत हिजो खरसाङ रेलवे स्टेशनमा धुमा फिल्म फेस्टिभल शुरु भएको छ।

**सरकारी आईटीआईहरूलाई आधुनिकीकरण गर्ने**

पश्चिम बंगाल सरकारले राज्यका युवाहरूलाई राम्रो रोजगारीका अवसरहरू प्रदान गर्ने उद्देश्यले ५१ सरकारी आईटीआईहरूलाई आधुनिकीकरण गर्ने नयाँ योजना बनाएको छ। यस पहल अन्तर्गत राज्य सरकारले यी संस्थानहरूलाई नयाँ प्रविधि र आधुनिक मेसिनरीले सुसज्जित गर्न निजी उद्योगहरूसँग साझेदारी गर्नेछ। राज्यको प्राविधिक शिक्षा तथा सीप विकास विभागले 'पीएम सेतु' परियोजना अन्तर्गत उच्च-स्तरीय प्राविधिक कार्यशाला आयोजना गर्‍यो, जसमा प्राविधिक शिक्षा मन्त्री जगन्नाथ चटर्जी उपस्थित हुनुहुन्थ्यो। कार्यक्रमको क्रममा सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा आधारित ५१ सरकारी आईटीआईहरू विकास गर्ने रोडम्याप घोषणा गरिएको थियो। मन्त्रीले भन्नु भयो, यो योजनाले संस्थानहरूमा १७ प्रतिशत निजी हिस्सेदारी र तिनीहरूको सञ्चालन व्यवस्थापनमा ५१ प्रतिशतसम्म निजी सहभागितालाई अनुमति दिनेछ। यसले विद्यार्थीहरूलाई उनीहरूको सैद्धान्तिक अध्ययनसँगै आधुनिक मेसिनरीमा व्यावहारिक तालिम प्राप्त गर्न सक्षम बनाउनेछ।

**पञ्चायत तथा ग्रामीण विकास मन्त्री दिलीप घोष**

उत्तर बंगालको पहाडी क्षेत्रहरूमा ग्रामीण विकास र प्रशासनिक ढाँचालाई सुदृढ पार्न राज्य सरकारले महत्वपूर्ण कदम चालेको छ हिजो राज्य पञ्चायत तथा ग्रामीण विकास मन्त्री दिलीप घोषले सिलगडीको एक पर्यटकीय लजमा विभिन्न जिल्लाका प्रशासनिक अधिकारीहरूसँग उच्चस्तरीय, म्याराथन बैठक गर्नु भयो। बैठकको क्रममा उत्तर बंगालको विकासको लागि १७ सय करोडको कोष घोषणा गरिएको थियो। बैठकपछि मन्त्री दिलीप घोषले भन्नु भयो, धेरै लामो समयदेखि रोकिएका केन्द्रीय परियोजनाहरूको लागि रकम आउन थालेको छ। जम्मा १७ सय करोडमध्ये लगभग ७ सय करोडको परियोजनाहरूमा काम सुरु भइसकेको छ, जबकि बाँकी परियोजनाहरू चाँडै चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ। उहाँले आवास योजनाहरू, स्वच्छ भारत अभियान, ग्रामीण सडक निर्माण, र खानेपानी आपूर्ति जस्ता आवश्यक परियोजनाहरूलाई प्राथमिकता दिइँदै आएको उल्लेख गर्नु

भयो। यद्यपि, कर्मचारीको अभावलाई विकास गतिविधिहरूमा सबैभन्दा ठूलो बाधाको रूपमा पहिचान गरिएको थियो। यो समस्यालाई सम्बोधन गर्न, राज्यभरि लगभग ११ हजार पदहरूमा कर्मचारी र इन्जिनियरहरू भर्ना गर्ने योजना बनाइएको छ।
पहाडी क्षेत्रहरूको बारेमा मन्त्रीले दार्जिलिङ र कालिम्पोङ जस्ता क्षेत्रहरूमा पञ्चायत संरचना कमजोर रहेको उहाँले बताउनु भयो। पर्याप्त कार्यालय र सुविधाहरूको अभावका कारण मानिसहरूले सरकारी सेवाहरू प्रभावकारी रूपमा पहुँच गर्न असमर्थ छन्। यो अवस्थालाई सुधार गर्न नयाँ पूर्वाधार विकास गरिने आश्वासन दिइएको थियो। बैठकमा ग्रामीण सडकहरूको सुधार, जग्गा पट्टा वितरण, र रोजगार कार्ड धारकहरूको बाँकी भुक्तानी भुक्तानी जस्ता मुद्दाहरूमा पनि सकारात्मक छलफल भएको थियो।

**मन्त्री दिलिप घोष खरसाङ**

पश्चिम बंगालको पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले आज बिहान खरसाङको डाउहिलको धोबी झोडा फरेस्ट भिलेजमा चियामा चर्चा कार्यक्रममा भाग लिनु भयो| यस अवसरमा उहाँले स्थानीय मानिसहरुसंग विभिन्न विषयमा चर्चा परिचर्चा गर्नु भएको थियो| मन्त्री दिलिप घोष हिजो साँझ खरसाङ आईपुग्नु भएको छ। उहाँ हिजो साँझ लगभग 7 बजीको समयमा खरसाङ आईपुग्नु भएको थियो। उहाँ सिलगढीको कार्यक्रमबाट सोझै खरसाङको गिध्द पहाडस्थित सर्किट हाउसमा पुगेर बस्नु भएको थियो। उहाँले आज खरसाङको रेलवे स्टेशनमा दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा भईरहेको समर फेस्टिभल अन्तर्गत धुम्रा फिल्म फेस्टिभलमा सहभागी हुने कार्यक्रम रहेको जानकारी प्राप्त भएको छ। राज्यको पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोष हिजो खरसाङ आईपुग्नु हुँदा उहाँलाई भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा लगायत जिल्ला प्रतिनिधिहरु र भाजपा पदाधिकारीहरुले स्वागत जनाएका थिए|

**पर्यटन मन्त्री शंकर घोष**

राज्यका नयाँ पर्यटन मन्त्री शंकर घोषले पदभार ग्रहण गर्नु भएपछि तुरुन्तै सक्रियता देखाउनु भएको छ। मन्त्री बनेपछिको उहाँको पहिलो भ्रमण हिजो बागडोगरा विमानस्थलमा आइपुग्नु हुँदा उहाँलाई उत्साहजनक रुपमा स्वागत गरिएको थियो र उहाँले पश्चिम बंगालको पर्यटन क्षेत्रको लागि विश्वव्यापी मान्यता प्राप्त गर्नु उहाँको सर्वोच्च प्राथमिकता हुने बताउनु भयो। मन्त्रीले स्पष्ट पार्नु भयो पर्यटन विभाग र संसदीय मामिला विभाग दुवैले जनताको प्रतिक्रियाको आधारमा काम गर्नेछन्। उहाँको लक्ष्य आगामी तीन महिनाभित्र पर्यटन क्षेत्रमा मूर्त परिवर्तनहरू देखिने कुरा सुनिश्चित गर्नु हो। उहाँले भन्नु भयो, पश्चिम बंगालमा पहाड र समुद्र तटदेखि जंगलसम्मका विविध पर्यटकीय स्थलहरू छन् जुन अझ प्रभावकारी रूपमा विकास गरिनेछ। यसबाहेक, पर्यटनलाई धनी वर्गमा सीमित गर्नुको सट्टा कम आय भएका समूहहरूका लागि पहुँचयोग्य बनाउने योजनाहरू छन्। राज्यको पर्यटन उद्योगमा अवस्थित चुनौतीहरूलाई सम्बोधन गर्ने आवश्यकतामा जोड दिंदै, मन्त्रीले सबै सुधारहरू कानुनी ढाँचाभित्र कडाइका साथ लागू गरिने आश्वासन दिनु भयो।
उहाँले अझ भन्नु भन्नु भयो, पश्चिम बंगालले भारतीय पर्यटनलाई विश्वव्यापी मञ्चमा बलियो रूपमा प्रदर्शन गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ। यो सरकारी पहललाई राष्ट्रिय स्तरमा महत्वपूर्ण मानिएको छ, किनकि यसले राज्यको मात्र नभई सम्पूर्ण देशको पर्यटन उद्योगलाई नयाँ दिशा प्रदान गर्ने सम्भावना राख्छ।

**१२५ दिनको रोजगार ग्यारेन्टी योजना**

हिजोदेखि 'VB-G RAM G' योजना (१२५ दिनको रोजगार ग्यारेन्टी) पश्चिम बंगालभरि सुरु गरिएको छ जसले प्रधानमन्त्री श्री नरेन्द्र मोदीको 'विक्षित भारत' (विकसित भारत) को दृष्टिकोणलाई साकार पार्छ| हिजो यो योजना मदारीहाट विधानसभा क्षेत्रको हन्तपारा ग्राम पञ्चायतबाट सुरु भएको छ। यो ऐतिहासिक पहल ग्रामीण परिवारहरूको लागि ठूलो रोजगारी र राम्रो जीविकोपार्जन प्रदान गर्ने साथै गाउँहरूको समग्र विकासलाई बढावा दिने दिशामा एक महत्त्वपूर्ण कदम हो। १२५ दिनको रोजगारीको ग्यारेन्टीले गाउँहरूलाई आत्मनिर्भर र सशक्त बनाउने बाटो प्रशस्त गर्नेछ।
भारतीय जनता पार्टीले सार्वजनिक कल्याण, सुशासन र *अन्त्योदय* (सबैभन्दा सीमान्तकृत वर्गको उत्थान) प्रतिको प्रतिबद्धताद्वारा प्रेरित भएर समाजको अन्तिम व्यक्तिसम्म विकासको लाभ पुऱ्याउन निरन्तर काम गरिरहेको छ। यो विकसित गाउँहरू, विकसित बंगाल र विकसित भारत निर्माण गर्ने यात्रामा एक महत्त्वपूर्ण सुरुवात हो।

**लङभ्यू चिया बगानका श्रमिकहरूद्वारा ७२ घण्टे अनशनको घोषणा**

खरसाङको लङभ्यू चिया बगानका श्रमिकहरूले गरिरहेको रिले अनशन हिजो पचास दिन पुगेको छ। पचास दिन पुग्दा पनि समस्याको केही समाधान नभएपछि लङभ्यू चिया बगानका श्रमिकहरूले पीएफ, ग्रेच्युटी लगायत सम्पूर्ण बक्यौता रकमको भुक्तानीको माग गर्दै ७२ घण्टे अनशनको घोषणा गरेका छन्। लङभ्यू चिया बगानका श्रमिकहरूले आफ्ना विभिन्न मागहरू सम्बोधन गर्न गत २१ अप्रेल, २०२६ देखि क्रमिक अनशन शुरु गरेका थिए। हिजो उक्त आन्दोलनको ५०औँ दिन पूरा भएको अवसरमा आज अनशन स्थलमा श्रमिक महाभेलाको आयोजना गरियो। भेलामा दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका विभिन्न ट्रेड युनियन तथा सामाजिक संघ–संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो। महाभेलालाई हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक सङ्घका अध्यक्ष डीके गुरुङ, तराई सङ्ग्रामी चिया मजदुर युनियनका अविजित मजूमदार, नर्थ बंगाल टी प्लान्टेसन इम्प्लोइज युनियनका अविजित राय, सीआईटीयूका सचिन खाती, पश्चिम बंगाल चाय मजदुर समितिका क्रेसन उराँव, तराई डुवर्स चिया कमान मजदुर युनियनका भूपेन छेत्री, गोर्खाल्याण्ड एक्टिभिस्ट समूहका किशोर प्रधान तथा फासीवाद विरोधी मञ्चका शंकर पाललगायतले सम्बोधन गरेका थिए। वक्ताहरूले उत्तर बंगालका चिया बगानहरूमा कार्यरत श्रमिकहरूले भोग्दै आएका समस्याप्रति गम्भीर चिन्ता व्यक्त गर्दै आगामी दिनमा श्रमिकहरूको हक–अधिकार सुनिश्चित गर्न बृहत् आन्दोलनको रूपरेखा तयार गर्नुपर्नेमा जोड दिएका थिए। यस अवसरमा हिल प्लान्टेसन इम्प्लोइज युनियन, लङभ्यू युनिटका सचिव तनुजा लामा, अध्यक्ष बिन्दया थापा, उपाध्यक्ष कविता पाखरिन तथा सहसचिव चन्द्रकला छेत्री लगायतका श्रमिक प्रतिनिधिहरूले भोलि, १३ जून २०२६ देखि ७२ घण्टे अनशन शुरु गर्ने घोषणा गरेका छन् ।

**ध्रुमा फिल्म फेस्टिभल - खरसाङ**

दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा भइरहेको समर फेस्टिभल अन्तर्गत हिजो खरसाङ रेलवे स्टेशनमा ध्रुमा फिल्म फेस्टिभल शुरु भएको छ। फेस्टिभल आज पनि जारी रहनेछ। दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा गत 6 जूनदेखि 14 जूनसम्म समर फेस्टिभलको आयोजना भइरहेको छ। यसै क्रममा हिजो फिल्म फेस्टिभलको उद्घाटन बिहान सिलगढीमा मन्त्री दिलिप घोषको बाहुली गरियो। यसैगरी, हिजो साँझ खरसाङमा ध्रुमा फिल्म फेस्टिभल अन्तर्गत खरसाङ क्षेत्रका वरिष्ठ व्यक्तिहरुलाई लिएर विभिन्न फिल्महरु प्रदर्शन गरिएको छ।

यस अन्तर्गत हिजो 5-6 वटा फिल्म प्रदर्शन गरियो भने हिजो र आज गरेर लगभग 45 वटा विभिन्न भाषाका फिल्महरु प्रदर्शन गरिने छ। यस अवसरमा खरसाङको रेलवे स्टेशन परिसरमा आयोजित ध्रुमा फिल्म फेस्टिभलको उद्घाटन खरसाङका रेलवे स्टेशनका म्यानेजर संगम खाती, वरिष्ठ व्यक्ति जोगेन्द्र प्रसाद, प्रभा छेत्री, प्रणिता मुखिया घिसिङ लगायत अन्यहरूको बाहुलीबाट सम्पन्न गरियो।

आगामी 14 जूनमा समर फेस्टिभलको समापन हुनेछ।

ध्रुमा फिल्म फेस्टिभल विषयमा पत्रकारहरुसित कुराकानी गर्दै दार्जिलिङ हिमालयन रेलवेका निर्देशक रिसभ चौधरीले दार्जिलिङ हिमालयन रेलवेले दार्जिलिङ पहाडको कला, संस्कृति, स्थानीय खाद्य र अन्यको संरक्षणको लागि काम गरिरहेको साथै स्थानीय समाजका वरिष्ठ व्यक्तिहरु र युवाहरुलाई समेटेर कार्यक्रमहरु आयोजना गरिरहेको बताउनु भयो। उहाँले दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा गत 6 जूनदेखि 14 जूनसम्म भइरहेको समर फेस्टिभल अन्तर्गत ध्रुमा फिल्म फेस्टिभल आयोजना गरिएको जान्कारती गराउनु भयो।

****** ० ******